नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर
नेपाल

प.स. २०८१/८२ च.नं. ३५८

मितिः२०८१/०९/०३

# प्रेस विज्ञप्ति

१

**विषयः अभियोगपत्र दायर गरिएको।**

जनकपुर भन्सार कार्यालय जनकपुरधाम अन्तर्गत लग्मा जटही छोटी भन्सार कार्यालयबाट मिति २०८१/०६/०६ मा जाँचपास भएका **HR38Z4112** र **HR38AF0631** नम्बरको मालवाहक ट्रकहरुमा भएका कुर्ता सुरुवाल लगायतका मालवस्तुहरुको राजस्व अनुसन्धान कार्यालय पथलैया, बाराले भौतिक निरीक्षण गर्दा प्रज्ञापन पत्रमा घोषणा भएका भन्दा फरक मालवस्तुहरु फेला परेकाले सोको विस्तृत अनुसन्धान गरी राजस्व चुहावट गरेको कसुरमा देश भारत जिल्ला मधुवनी गाउँ जोरला बस्ने वर्ष ३६ को HR38AF0631 नम्बरको ट्रकको सवारी चालक महम्मद आलम, देश भारत जिल्ला सुलतानपुर गाउँ बरला बस्ने वर्ष ४० को HR38Z4112 नम्बरको ट्रकको सवारी चालक शेरबहादुर सिँह, जिल्ला नुवाकोट विदुर नगरपालिका वडा नं ८ बस्ने वर्ष ४२ को अमृत कुमार श्रेष्ठ, जिल्ला लमजुङ बेशीशहर नगरपालिका वडा नं.१० बस्ने वर्ष ३९ को महेन्द्र गुरुङ, जिल्ला गुल्मी रुरुक्षेत्र गाउँपालिका वडा नं. ०५ बस्ने वर्ष ४४ को रुद्र प्रसाद श्रेष्ठ, जनकपुर भन्सार कार्यालय जनकपुरधाम अन्तर्गत लग्मा जटही छोटी भन्सार कार्यालयमा भन्सार जाँचपासमा संलग्न भन्सार अधिकृत १ जना र ३ जना नायब सुब्बा समेत गरी ४ जना कर्मचारीहरु र हरि कृष्ण आले समेत २५ जना भूतपूर्व भारतीय गोर्खा सैनिकहरु गरी जम्मा ३४ जना प्रतिवादीहरु विरुद्ध राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कायम गरिएको विगो रकम रु.५,३६,०२,४६६। (अक्षेरुपी पाँच करोड छत्तीस लाख दुई हजार चार सय छैसट्ठी रुपैया मात्र) ऐ. ऐ.नको दफा २३(१) बमोजिम जफत गरी विगोको शतप्रतिशतले हुने जरिवाना रकम रु. ५,३६,०२,४६६।- (अक्षेरुपी पाँच करोड छत्तीस लाख दुई हजार चार सय छैसट्ठी रुपैया मात्र) गरी जम्मा रकम रु. १०,७२,०४,९३२। (अक्षेरुपी दश करोड बहत्तरलाख चार हजार नौ सय बत्तिस मात्र) जरिवाना हुन तथा ऐ. ऐनको दफा २३ को उपदफा (१)(ग) र उपदफा (३) बमोजिमको सजायको मागदाबी लिई सम्मानित उच्च अदालत जनकपुरको अस्थायी इजलास, वीरगञ्जमा मिति २०८१/०९/०३ मा अभियोगपत्र दायर गरिएको छ।

२०८१/०९/०३
प्रवक्ता

उपमहानिर्देशक

कृष्ण कुमारी श्रेष्ठ



Scanned with CamScanner